त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
**पोखरा नर्सिङ्ग क्याम्पस**
पोखरा -१२, रामघाट (नेपाल)
स्था.: २०३९ वि.सं.
☎ ०६१-५७०४३८,५७०४८५, ५७१९६१
पोष्ट बक्स नं: ६७

Tribhuvan University
Institute of Medicine
**Pokhara Nursing Campus**
Pokhara-12, Ramghat (Nepal)
Estd.: 1983 AD
☎: 061-570438, 570485, 571961
Post Box No.: 67

Accredited By UGC, Nepal
Sept 11, 2022 AD

मिति: २०८२।०८।०९

## बोलपत्रद्वारा वन पैदावार लिलाम बिक्रि सूचना

पत्र संख्या: चलानी नं.: प्रथम पटक प्रकाशित मिति: २०८२।०८।०९ मिति:

Ref. No.: Dis. No.: Date:

पोखरा नर्सिङ्ग क्याम्पस, रामघट, कास्कीको कम्पाउण्ड हाताभित्र रहेका जोखिमयुक्त रुखहरु नियमानुसार कटान, मुछान गरी उत्पादन/संकलन भई घाटगद्दी गरिएको तपसिलमा उल्लेखित विवरण अनुसारको जात, थान र आयतनको गोलिया काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकारकर्ता उद्योगले आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। **वन नियमावली २०७९ को नियम १२८ (संशोधन समेत)** अनुसारको योग्यता पुगेका काष्ठ उद्योग/व्यवसायी फर्मले आदर्श समाज राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म यस क्याम्पस प्रशासन कार्यालय र डिभिजन वन कार्यालय, कास्की बाट बोलपत्र फाराम खरिद गरी २२ औं दिन कार्यालय समय भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिल :</u>

**१. लिलाम बिक्रि हुने वन पैदावारको विवरण:**

| सि.नं. | लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (घ.फि.)/चट्टा) | प्रति ईकाई न्यूनतम मूल्य | मूल्यांकन रकम रु. | संकलन खर्च | कफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १/२०८२/०८३ | सिसौ | गोलिया | ए | ६ | ५९.४ | ७००.०० | ४१५८०.०० | ४१८७०.० | |
| २ | | सिसौ | गोलिया | बी | ६९ | १७६.१६ | ५००.०० | ८८०८०.०० | | |
| ३ | | खोटेसल्ला | गोलिया | बी | १२ | ४६.१५ | १५०.०० | ६९२२.५० | | |
| ४ | | चाँप | गोलिया | बी | ३ | २५.९६ | ५००.०० | १२९८०.०० | | |
| ५ | | चाँप | गोलिया | सी | ४ | १४.३९ | ३००.०० | ४३१७.०० | | |
| | | **गोलिया जम्मा** | | | ९४ | ३२२.०६ | | १५३८७९.५० | | |
| ६ | | सिसौ | दाउरा | | | ०.१५ | १२०००.०० | १८००.०० | १३६०.०० | |
| ७ | | अन्यजात | दाउरा | | | ०.०१ | ४०००.०० | ४०.०० | | |
| | | **दाउरा जम्मा** | | | | ०.१६ | | १८४०.०० | | |
| | | **कूल जम्मा** | | | | | | १५५७१९.५० | ४३,२३०.० | |

**२. बोलपत्र खरिद र दाखिला गर्नुपर्ने अन्तिम मिति, समय र स्थान :**

क) **बोलपत्र खरिद गर्ने अन्तिम मिति: २०८२।०८।२९** गते, कार्यालय समय भित्र।

ख) **बोलपत्र दाखिला गर्ने अन्तिम मिति: २०८२।०९।०१** गते, कार्यालय समय भित्र।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सोको भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ।

घ) **बोलपत्र खरिद तथा दाखिला गर्न सकिने स्थान:** पोखरा नर्सिङ्ग क्याम्पस, पोखरा, कास्की र डिभिजन वन कार्यालय, कास्की।

३. यस सूचनाको सक्षिप्त सूचना प्रकाशित भएको मिति (प्रथम पटक प्रकाशित भएको मिति २०८२।०८।०९ देखि २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेख भएको मूल्य तिरी (पछि फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। निवेदनसाथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी र उद्योग सूचिकृत भएको प्रमाणपत्र) अनिवार्य संलग्न हुनु पर्नेछ। नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्नेछ।

४. बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम <u>पोखरा नर्सिङ्ग क्याम्पसको नेपाल बैंक लिमिटेड, तेर्सापट्टी शाखा स्थित रहेको धरौटी खाता नं. ००९००१००५६३१९४००००३ मा</u> जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश हुनु पर्नेछ।

५. लिलाम बढाबढ हुने वन पैदावार (गोलिया काठ/दाउरा क्याम्पसमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ।

त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
**पोखरा नर्सिङ्ग क्याम्पस**
पोखरा -१२, रामघाट (नेपाल)
स्था.: २०३९ वि.सं.
०६१-५७०४३८,५७०४८५, ५७१९६१
पोष्ट वक्स नं: ६७

Tribhuvan University
Institute of Medicine
**Pokhara Nursing Campus**
Pokhara-12, Ramghat (Nepal)
Estd.: 1983 AD
: 061-570438, 570485, 571961
Post Box No.: 67

Accredited By UGC, Nepal
Sept 11, 2022 AD

पत्र संख्या:
Ref. No.:

चलानी नं:
Dis. No.:

मितिः
Date:

६. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्दछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

७. शिलबन्दी बोलपत्रमा लाहाछाप लगाईएको हुनु पर्नेछ ।

८. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्ने छ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

९. वन कार्यालयमा दर्ता भएका शिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि (यस कार्यालयमा दर्ता हुन आएका समेत) निर्धारण गरिएको न्यूनतम संख्या र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा मिति.२०८२।०९।०२ गते १:०० बजे खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खोल्ने वारेको सूचना कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

१०. लिलाम स्वीकृति भएको जानकारी कार्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्रदाताको समेत रहने छ । बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर, अग्रिम आयकर र नियमानुसार लाग्ने (बोलपत्र फारममा उल्लेख भएको) बुझाई वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

११. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्वन्धित निकायमा सुरक्षित रहने छ ।

१२. यो सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सुचनाका शर्त सम्वन्धमा आई पर्ने अन्य बिबादहरु स्वत अमान्य हुनेछन् ।

१३. सकारकर्ताले सकार रकम, संकलन खर्च र नियमानुसार लाग्ने मुल्य अभिबृद्धि कर तथा अग्रीम आय कर दाखिला गरिसके पछि कार्यालयबाट लिलाम गरिएको दाउराको नियमानुसार बढीमा २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ ।

१६. अन्य कुराको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

१७. सूचना बमोजिम वोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्बन्धमा उठाईने कुनै विवाद स्वतः अमान्य हुनेछ ।

१८. वोलपत्र खरिद कर्ताले फिर्ता नहुनेगरी यस क्याम्पसको नाउँमा रहेको नेपाल बैंक लिमिटेड, तेर्सापट्टी शाखा स्थित आम्दानी खाता नं. ००९००१००५६३१९४००००५ मा जम्मा गरी बैंक भौचर मार्फत वोलपत्र खरिद गर्नु पर्नेछ ।

प्रा. नीता ताम्राकार
क्याम्पस प्रमुख

O/C